26th of March 2026 (Thursday)

आजका मुख्य समाचार

- राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा राम नवमीको शुभकामना ।।
- प्रधानमन्त्री मोदीले शनिबार नोएडा अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरण उद्घाटन गर्ने।।
- संकटको बीचमा पनि भारतको अर्थतन्त्र स्थिर रहेको मन्त्री Kiren Rijiju दाबी ।।
- मन्त्री नितिन गडकरीले सडक दुर्घटना घटाउन सरकार सक्रिय रहेको बताउनु भयो।।

  अनी
- डा. जयशंकर फ्रान्समा फ्रेञ्च प्रतिनिधिसँग दुई देशबीचको महत्वपूर्ण वार्ता।।

---------------------------------------

राम नवमीको अवसरमा देशवासीलाई शुभकामना

राष्ट्रपति Droupadi Murmu, उपराष्ट्रपति C. P. Radhakrishnan र प्रधानमन्त्री Narendra Modiले राम नवमीको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ।

राष्ट्रपति मुर्मुले भगवान् श्रीरामको जीवनले सत्य, न्याय र कर्तव्यको मार्गमा हिँड्न प्रेरणा दिने बताउनुभयो। उपराष्ट्रपति राधाकृष्णनले भगवान् रामका आदर्शले सामाजिक सद्भाव, त्याग र नैतिक मूल्यलाई प्रवर्द्धन गर्ने उल्लेख गर्नुभयो।

भने प्रधानमन्त्री मोदीले मर्यादा पुरुषोत्तम श्रीरामको जीवनले सम्पूर्ण मानवजातिलाई मार्गदर्शन गरिरहने बताउँदै देशको कल्याण र प्रगतिका लागि शुभकामना व्यक्त गर्नु भयेको छ।

---------------------------------------

प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री Narendra Modiले शनिबार उत्तर प्रदेशको जेवरस्थित नोएडा अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको उद्घाटन गर्ने कार्यक्रम रहेको छ। यो विमानस्थल करिब ११ हजार २०० करोड रुपैयाँको लागतमा निर्माण गरिएको हो।

यो भारतका सबैभन्दा ठूला ग्रीनफिल्ड विमानस्थल परियोजनामध्ये एक हो। यसले दिल्ली र आसपासका क्षेत्रको हवाई सेवा विस्तार गर्न सहयोग पुऱ्याउनेछ। प्रारम्भिक चरणमा विमानस्थलले वार्षिक १ करोड २० लाख यात्रु र २ लाख ५० हजार मेट्रिक टन मालसामान व्यवस्थापन गर्न सक्नेछ।

---------------------------------------

Kiren Rijiju

संसदीय मामिला मन्त्री Kiren Rijijuले पश्चिम एशिया संकटका बीच पनि प्रधानमन्त्री Narendrag Modiको नेतृत्वमा भारतको अर्थतन्त्र सुदृढ रहेको बताउनुभएको छ।

नयाँ दिल्लीमा आयोजित एक शिखर सम्मेलनमा बोल्दै उहाँले भारत ऊर्जा स्रोतका लागि अन्य देशमा निर्भर भए पनि ऊर्जा संकटलाई प्रभावकारी रूपमा व्यवस्थापन गरिरहेको उल्लेख गर्नुभयो।

उहाँले भारतीय जहाजहरू स्ट्रेट अफ होर्मुज हुँदै सुरक्षित रूपमा आवतजावत गरिरहेको बताउँदै यसले भारतको कूटनीतिक पहुँच र अन्तर्राष्ट्रिय हैसियतलाई प्रतिबिम्बित गर्ने बताउनुभयो। प्रधानमन्त्री मोदी विश्वका विभिन्न नेताहरूसँग निरन्तर सम्पर्कमा रहनुभएको पनि उहाँले जानकारी दिनुभयो।

---------------------------------------

मन्त्री Nitin Gadkari

केन्द्रीय मन्त्री Nitin Gadkariले सरकारले देशभर सडक सुरक्षामा सुधार गर्न विभिन्न कदम चालिरहेको बताउनुभएको छ। उहाँका अनुसार हालसम्म सडक दुर्घटना बढी हुने करिब 280 स्थान सुधार गरिसकिएको छ।

सडक सुरक्षा अभियान 2026 मा बोल्दै उहाँले सडक सुरक्षा सुधारका लागि 40 हजार करोड रुपैयाँभन्दा बढी खर्च गरिएको जानकारी दिनुभयो। साथै, उहाँले सबै नागरिकलाई ट्राफिक नियम पालना गर्न, हेल्मेट लगाउन, सिटबेल्ट प्रयोग गर्न र ट्राफिक संकेतको पालना गर्न आग्रह गर्नुभयो।

--------------------------------------

मन्त्री डा. एस. जयशंकर

विदेश मन्त्री डा. एस. जयशंकरले आज फ्रान्समा सम्माननीय फ्रेञ्च समकक्षी जीन-नोएल बारोटसँग द्विपक्षीय वार्ता गर्नुभयो। डा. जयशंकर दुई दिनको आधिकारिक भ्रमणमा फ्रान्समा हुनुहुन्छ, जहाँ उहाँ साझेदार देशहरूसँगको G-7 विदेश मन्त्रीहरूको बैठकमा सहभागिता जनाउँदै हुनुहुन्छ।

--------------------------------------

सूर्य किरण एरोबेटिक टोली

भारतीय वायुसेनाको प्रतिष्ठित सूर्य किरण एरोबेटिक टोली भोलिदेखि चंडीगढ़को सुखना तालमाथि दुई दिनको वायु प्रदर्शन गर्दैछ। यस उच्चस्तरीय कार्यक्रमको तयारीहरू तीव्र गतिमा भइरहेका छन्। चंडीगढ़का उपायुक्त निशांत कुमार यादवले सबै सम्बन्धित विभागहरूसँग समीक्षा बैठक गर्दै कार्यक्रमको व्यवस्थित सञ्चालन सुनिश्चित गर्नुभयो।

वायु प्रदर्शन 27 र 28 मार्च, बिहान 10 बजे देखि 11:30 बजे सम्म आयोजना गरिनेछ।

--------------------------------------

मन्त्री Ashwini Vaishnaw

केन्द्रीय मन्त्रिपरिषद्ले 2026–27 देखि 2035–36 सम्मका लागि परिमार्जित उडान योजना स्वीकृत गरेको छ। यस योजनाका लागि 28 हजार 840 करोड रुपैयाँ छुट्याइएको छ। योजनाअन्तर्गत हवाई सेवा नपुगेका स्थानका 100 विमानस्थल विकास गरिनेछ।

सूचना तथा प्रसारण मन्त्री Ashwini Vaishnawले मन्त्रिपरिषद्ले आप्रवासन, भिसा, विदेशी दर्ता तथा अनुगमन (आईभीएफआरटी) योजनाको पाँच वर्ष अवधि थप गर्ने निर्णय पनि गरेको जानकारी दिनुभयो। यसले आप्रवासन र भिसा सेवालाई आधुनिक बनाउने लक्ष्य राखेको छ।

--------------------------------------

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालय

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले भारतभर पेट्रोल, डिजेल र एलपीजीको कुनै अभाव नरहेको र आपूर्ति पूर्ण रूपमा सुरक्षित रहेको जनाएको छ।

मन्त्रालयले सर्वसाधारणलाई अफवाह र अनावश्यक त्रास फैलाउने सन्देशमा विश्वास नगर्न आग्रह गरेको छ। मन्त्रालयका अनुसार सबै इन्धन बिक्री केन्द्रमा पर्याप्त इन्धन उपलब्ध रहेको छ र भारतीय तेल शोधन केन्द्रहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेका छन्।

मन्त्रालयले एलपीजीको आपूर्ति पनि स्थिर रहेको र देशभर दैनिक ५० लाखभन्दा बढी सिलिन्डर वितरण भइरहेको जानकारी दिएको छ।

---------------------------------------

कपूरथलास्थित रेल कोच फ्याक्ट्री

कपूरथलास्थित रेल कोच फ्याक्ट्री (RCF)ले आफ्नो पहिलो वन्दे भारत एक्सप्रेस ट्रेन निर्माण गरेको छ, जुन यस महिनाको अन्त्यसम्म भारतीय रेलको सेवा मा समावेश गरिनेछ।

RCF का उपमहाप्रबन्धक अमन कुमारले जानकारी दिनुभयो कि अपग्रेड गरिएको १६ कोचको ट्रेन अन्तिम चरणमा पुगेको छ र सेवा सुरु गर्न पूर्ण रूपमा तयार छ। यो कपूरथलामा वन्दे भारत कोच निर्माण भएको पहिलो अवसर हो, जबकि यसको मूल डिजाइन इंटिग्रल कोच फ्याक्ट्री, चेन्नईमा तयार गरिएको थियो।

अमन कुमारले नयाँ वन्दे भारत कोचमा भएका प्रविधि सुधार र निरन्तर नवप्रवर्तनहरूबारे विस्तारपूर्वक जानकारी दिँदै बताउनुभयो कि यसले भारतीय रेलको उत्पादन क्षमता उल्लेखनीय रूपमा वृद्धि गर्ने अपेक्षा गरिएको छ।

---------------------------------------

(SAFF)

दक्षिण एसिया फुटबल महासंघ (SAFF) अन्तर्गत आयोजित अन्डर-20 च्याम्पियनसिपमा, defending champion भारतले माले, माल्दिभ्सको नेशनल फुटबल स्टेडियममा पाकिस्तानविरुद्ध 1-0 को अग्रता बनाएको छ।

पहिलो हाफमा विशाल यादवले गोल गर्दै "ब्लू कोल्ट्स"लाई अग्रता दिलाए।

यो भारतको 2026 SAFF U20 च्याम्पियनसिपको पहिलो खेल हो। आजको जितले पाकिस्तानलाई टुर्नामेन्टबाट बाहिर निकाल्न सक्छ, किनभने उनीहरू पहिले बंगलादेशसँग 0-2 ले पराजित भएका थिए।

---------------------------------------

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा राम नवमीको शुभकामना ।।
- प्रधानमन्त्री मोदीले शनिबार नोएडा अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरण उद्घाटन गर्ने।।
- संकटको बीचमा पनि भारतको अर्थतन्त्र स्थिर रहेको मन्त्री Kiren Rijiju दाबी ।।
- मन्त्री नितिन गडकरीले सडक दुर्घटना घटाउन सरकार सक्रिय रहेको बताउनु भयो।।
  अनी
- डा. जयशंकर फ्रान्समा फ्रेञ्च प्रतिनिधिसँग दुई देशबीचको महत्वपूर्ण वार्ता।।

---------------------------------------